# स्थानीय राजपत्र

## पिपरा गाउँपालिका द्वारा प्रकाशित

खण्ड :८ संख्या :२ मितिः २०८२/१०/०४

# भाग १

## पिपरा गाउँपालिकाको

# सामाजिक सस्था दर्ता ऐन, २०८२

मूल्य रु ६०

पिपरा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः २ मितिः २०८२/१०/०४

**भाग-१**

**पिपरा गाउँपालिकको**

# सामाजिक सस्था दर्ता ऐन, २०८२

**प्रस्तावनाः**

संघ र संस्था खोल्ने नागरिक स्वतन्त्रतालाई सुनिश्चित गरी गैरसरकारी क्षेत्रमा स्थापना हुने सामाजिक तथा नागरिक समाजका संस्थाहरुलाई सामाजिक सेवा, पर्यावरणीय तथा नागरिक अधिकार संरक्षण तथा सामाजिक विकासमा संलग्न गराउन त्यस्ता संस्थाहरुको स्थापना, दर्ता र व्यवस्थापनको नियमन गर्न, त्यस्ता संस्थाहरुले सम्पादन गर्ने काम कारबाहीलाई जवाफदेही र पारदर्शी बनाउन र सामाजिक संस्थाको दीगोपना सुनिश्चित गरी

राष्ट्रिय विकास र समृद्धिको मूल प्रवाहमा त्यस्ता संस्थाको भूमिका प्रवर्द्धन गर्न सामाजिक तथा नागरिक संस्था दर्ता तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले पिपरा गाउँपालिकाको गाउँ सभाले नेपालको संविधानको धारा २२६ बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ४ (ठ) अनुसार स्थानीय तहलाई प्राप्त स्थानीय स्तरमा समाज कल्याण सम्बन्धी संघ संस्थाको दर्ता, नवीकरण तथा नियमन सम्बन्धी अधिकारको प्रयोग गरी यो ऐन बनाइएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "पिपरा गाउँपालिका सामाजिक संस्था दर्ता ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) "अन्तराष्ट्रिय गैर सरकारी संस्था" भन्नाले नेपाल बाहिर कुनै देशमा सो देशको कानुन बमोजिम दर्ता भई नेपाल सरकारले तोकेको निकायबाट स्वीकृति लिई नेपालमा कार्यरत विदेशी संस्था सम्झनु पर्छ र सो शब्दले संयक्त राष्ट्र संघका महासभामा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका रुपमा प्रर्यवेक्षकका हैसियत प्राप्त संस्थालाई समेत जनाउनेछ।

(ख) "कार्यकारी समिति" भन्नाले सस्थाका कार्यकारी समितिलाई सम्झनु पर्छ र सो शब्दले तदर्थ समिति समेतलाई जनाउँछ ।

(ग) "विधान" भन्नाले संस्थाको विधान सम्झनु पर्दछ।

(घ) "नियमावली" भन्नाले संस्थाको नियमावली सम्झनु पर्दछ।

(ङ) "सदस्य" भन्नाले संस्थाका साधारण सदस्य, आजीवन सदस्य, मानार्थ सदस्य वा अन्य कुनै किसिमको सदस्य सम्झनु पर्दछ।

(च) "संस्था" भन्नाले कुनै सामाजिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, कल्याणकारी, धार्मिक, शैक्षिक, व्यावसायिक वैद्धिक, अनुसन्धानमूलक, शारीरिक, परोपकारी काम गर्ने वा कुनै पेशागत हक हित संरक्षण गर्ने, सामुदायिक विकास गर्ने, पर्यावरण संरक्षण गर्ने वा कुनै अधिकार, सुशासन वा सामाजिक न्यायका पैरवी गर्ने उद्देश्यले स्थापना हुने कुनै सघ, संस्था, क्लव (युवा, बाल), समूह, संजाल, परिषद, संगठन, समिति, मञ्च, केन्द्र, फाउण्डेशन आदि जुनसुकै नाम दिइएको संस्था सम्झनु पर्छ ।

(छ) "साधारण सभा" भन्नाले दफा १५ बमोजिमको संस्थाको साधारण सभा सम्झनु पर्दछ।

(ज) "दर्ता अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतलाई सम्झिनु पर्दछ।

(झ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ।

(ञ) "गाउँपालिका" भन्नाले पिपरा गाउँपालिकालाई सम्झनु पर्दछ।

(ट) "गाउँ कार्यपालिका" भन्नाले पिपरा गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले पिपरा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## संस्थाको स्थापना, दर्ता तथा सञ्चालन

**३.संस्था स्थापना गर्ने नागरिक स्वतन्त्रता :**

(१) प्रत्येक नागरिकलाई यस ऐन वा प्रचलित कानूनको अधीनमा रही पिपरा गाउँपालिकालाई कार्यक्षेत्र बनाई सामाजिक संघ संस्था खोल्ने, स्थापना गर्ने र सञ्चालन गर्ने स्वतन्त्रता हुनेछ।

(२) उपदफा (१) बमोजिमको स्वतन्त्रता प्रयोग गर्दा नागरिकले यस ऐन वा प्रचलित कानून बमोजिमको सुविधा, सहुलियत र छूट प्रयोग गर्न सक्ने र कर्तव्यको पालना तथा दायित्व निर्वाह गर्नुपर्नेछ।

(३) पिपरा गाउँपालिका क्षेत्र भन्दा बाहिर वा अन्य जिल्लामा कार्यक्षेत्र विस्तार गर्नुपर्ने भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति लिनुका साथै आवश्यक अन्य प्रक्रिया पूरा गर्नुपर्ने छ ।

**४. संस्थाको सदस्यता प्राप्त गर्नेः**

संस्थाको कार्यक्षेत्र भित्र बसोबास गर्ने प्रत्येक योग्य नागरिकलाई यस ऐनको अधीनमा रही संस्थाको सदस्यता प्राप्त गर्ने, ती सस्थाका सम्बन्धमा प्रचार प्रसार गर्ने, त्यस्तो संस्थाको सदस्यता अन्य योग्य नागरिकलाई वितरण गर्ने वा त्यस्तो संस्थाको संचालनको प्रयोजनका लागि कानून बमोजिम कुनै स्रोत वा रकम संकलन गर्न स्वतन्त्रता हुनेछ।

**५.संस्था दर्ता गराउनु पर्नेः**

(१) दफा ३ बमोजिम संस्था खोल्न वा स्थापना गर्न चाहने कुनै सात वा सो भन्दा बढी नेपाली नागरिकले त्यस्तो संस्था दर्ता अधिकारी समक्ष दर्ता गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता अधिकारीबाट संस्था दर्ता भएमा संस्था स्थापना भएको वा खोलिएको मानिनेछ।

**६.संस्था दर्ता गराउन निवेदन दिनेः**

(१) संस्था खोल्न वा स्थापना गर्न चाहने नेपाली नागरिकले देहायको विवरण सहित संस्था दर्ता गर्नको लागि दर्ता अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछः

(क) संस्थाको नाम

(ख) संस्थाको प्रमुख उद्देश्य

(ग) संस्थाको कार्यक्षेत्र

(घ) संस्थाको आय स्रोत

(ङ) संस्थाको कार्यालय रहने ठेगाना

(च) संस्था दर्ता गराउनको लागि तदर्थ समिति गठन भएको वा नभएको विवरण

(छ) तदर्थ समिति गठन भएको भए त्यस्तो समितिको पदाधिकारीको नामावली

(२) उपदफा (१) बमोजिम निवेदन दिदा देहायका कागजात संलग्न गर्नु पर्नेछ

(क) संस्थाको प्रस्तावित विधानको दुई प्रति

(ख) संस्था स्थापना गर्न चाहने नेपाली नागरिकको नागरिकताको प्रमाणपत्र, नावालिग भए नेपाली नागरिक भएको प्रमाणित गर्ने कुनै परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको फोटोकपी

(ग) संस्थाको पहिचान जनाउने कुनै चिन्ह भए त्यसको नमूना

(घ) संस्था स्थापना गर्न चाहने नेपाली नागरिकले प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेका र अघिल्लो आर्थिक वर्षसम्म कानून बमोजिम चुक्ता गर्नुपर्ने कर बाँकी नरहेको लिखित स्वघोषणा

(ङ) तदर्थ समितिको पदाधिकारीको लिखित मञ्जुरी र एक एक प्रति फोटो

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनको सम्बन्धमा दर्ता अधिकारीले आवश्यक अध्ययन र जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा दर्ता गर्न सकिने वा दर्ता गर्न नसकिने भए सोको निर्णय गरी निवेदकलाई कारण सहित लिखित रुपमा जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अध्ययन वा जाँचबुझ गर्दा प्रस्तावित संस्थाको उद्देश्य वा काम कारबाहीको सम्बन्धमा कुनै कुरा स्पष्ट गर्न आवश्यक भएमा दर्ता अधिकारीले सम्बन्धित निवेदकलाई आग्रह गर्न वा थप कागजात माग गर्न सक्नेछ र त्यसरी थप कागजात माग भएकोमा सम्बन्धित व्यक्तिले त्यस्ता कुरा स्पष्ट गर्नु वा माग बमोजिमको कागजात उपलब्ध गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम भाएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यसको जानकारी पाएको पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**७.संस्था दर्ता गर्न इन्कार गर्न सकिने:**

(१) देहायको अवस्थामा दर्ता अधिकारीले संस्था दर्ता गर्न इन्कार गर्न सक्नेछ:

(क) संस्थाको नाम, चिन्ह वा उद्देश्य वा काम कारबाही मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रियता, राष्ट्रिय एकता वा राष्ट्रिय स्वाधीनता प्रतिकूल हुने देखिएमा,

(ख) संस्थाको नाम, उद्देश्य वा काम कारबाही नेपालको संविधान वा प्रचलित कानून विपरित भएमा वा दफा २१ बमोजिम संस्थाले गर्न नहुने वा गर्न नसक्ने कामसँग सम्बन्धित देखिएमा,

(ग) संस्थाको उद्देश्य वा काम कारबाही सर्वसाधारणको शिष्टता, मर्यादा, सदाचार वा सार्वजनिक नैतिकता प्रतिकुल भएको देखिएमा,

(घ) संस्थाको नाम संस्था दर्ताको लागि दफा ६ वमोजिम निवदेन दिनुभन्दा अघि नै दर्ता भइसकेको अन्य कुनै संस्थाको नामसँग हुबहु मिलेको वा त्यस्तो संस्थाको नामलाई भ्रम पार्ने वा द्विविधा पार्ने प्रकृतिको भएमा,

(ङ) दफा ६ को उपदफा (४) बमोजिमको थप कागजात वा विवरण उपलब्ध नगराएमा।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था उत्पन्न भएको कारणले संस्था दर्ता गर्न नसकिने भएमा दर्ता अधिकारीले सोको कारण खुलाई त्यस्तो अवस्थामा सुधार गरी विधानको मस्यौदा पेश गर्न पन्ध्र दिनको समय दिनेछ र सो बमोजिम सुधार गरेको विवरण पेश गरेमा दर्ता अधिकारीले संस्था दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको विवरण पेश नभएमा त्यस्तो निवेदन स्वतः निष्कृय हुनेछ ।

**८.संस्था दर्ताको प्रमाणपत्रः**

(१) दफा ६ को उपदफा (३) वा दफा ७ को उपदफा (२) बमोजिम दर्ता अधिकारीले संस्था दर्ता गर्न निर्णय गरेमा निवेदकले तोकिए बमोजिमको संस्था दर्ता दस्तुर बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दस्तूर बुझाएमा दर्ता अधिकारीले संस्था दर्ता गरी तोकिएको ढाँचामा संस्था दर्ताको प्रमाणपत्र र निजले प्रमाणित गरेको एक प्रति विधान निवेदकलाई फिर्ता दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रमाणपत्र देखिने गरी संस्थाको कार्यालयमा राख्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्रमाणपत्र प्राप्त भएमा संस्था स्थापना भएको मानिनेछ र संस्थाले यस ऐन वा प्रचलित कानून बमोजिम सामाजिक कार्य गर्न वा गराउन सक्नेछ ।

**९.संस्थाले कानूनी व्यक्तित्व प्राप्त गर्नेः**

(१) यस ऐन वमोजिम दर्ता भएको संस्था कानूनी व्यक्ति सरह हुनेछ ।

(२) उपदफा (१) बमोजिमका संस्था एक स्वायत्त संस्था हुनेछ र सोही हैसियतमा यस ऐन वा प्रचलित कानून बमोजिम प्राप्त गर्ने अधिकार सुविधा र छूट प्रयोग गर्न जिम्मेवारी र दायित्व निर्वाह गर्न र कर्तव्यको पालना गर्न सक्नेछ ।

**१०.संस्थाको विधानः**

(१) आफ्नो उद्देश्य सुनिश्चित गरी कार्यान्वयन गर्न, संस्थाको कार्य सम्पादन र आन्तरिक काम कारबाहीलाई संचालन र व्यवस्थापन गर्न प्रत्येक संस्थाको एक विधान हुनेछ ।

(२) विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संस्था दर्ता भएपछि स्वतः विधान प्रारम्भ भएको मानिनेछ।

(३)विधान सदस्यहरुको लागि एक बाध्यात्मक लिखत हुनेछ र यसको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

(४) विधानको अनुसूचीमा उल्लेखित विषयहरु समावेश भएको हुनु पर्नेछ ।

(५) संस्थाले यो ऐन, प्रचलित कानून तथा विधानको अधीनमा रही संस्थाको कार्यसम्पादन सम्बन्धी कार्य बिधिगत विषयहरु निर्धारण गर्न आवश्यक नियमावली बनाउन सक्नेछ।

**११.विधान संशोधनः**

(१) संस्थाको तत्काल कायम रहेको कूल सदस्य मध्ये कम्तिमा दुई तिहाइ सदस्य उपस्थित भएको साधारण सभाको बैठकमा कम्तिमा दुई तिहाई बहुमतबाट विधानको संशोधन पारित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पारित भएको विधानको संशोधन स्वीकृतिको लागि दर्ता अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको संशोधन अध्ययन वा जाँचबुझ गर्दा दफा ७ बमोजिम इन्कार गर्न सकिने प्रकृतिको भएको नदेखिएमा दर्ता अधिकारीले निवेदन प्राप्त भएको २१ दिनभित्र संशोधन स्वीकृत भएको लिखित जानकारी सम्बन्धित संस्थालाई दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएको संशोधन विधानको अभिन्न अंग हुनेछ र स्वीकृत भएको मितिबाट संशोधित विधान प्रारम्भ हुनेछ।

**१२.संस्थाको नवीकरणः**

(१) दफा ८ को उपदफा (२) बमोजिम दर्ता भएको संस्थाको दर्ता प्रमाणपत्र जुन आर्थिक वर्षमा दर्ता भएको हो सोही आर्थिक वर्षको लागि बहाल रहनेछ र त्यसपछि दफा ४० र ४१ को अधीनमा रही प्रत्येक आर्थिक बर्ष प्रारम्भको कम्तिमा तीन महिना (असोज मसान्त) भित्रमा नवीकरण गराउनु पर्नेछ ।तर पहिलो पटक दर्ता भएको संस्था भए दर्ता भएको एक बर्षभित्र नवीकरण गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम नवीकरण गराएको प्रमाणपत्र सोही आर्थिक बर्षको लागि मान्य हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले एकैपटक पाँच आर्थिक वर्षसम्मको लागि नवीकरण गराउन चाहेमा त्यस्तो संस्थाले बढीमा पाँच वर्षको लागि एकमुष्ट नवीकरण दस्तुरं भुक्तानी गरी नवीकरण गराउन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी नवीकरण गराएको कारणले मात्र दफा २२ बमोजिमको प्रतिवेदन पेश गर्ने जिम्मेबारीबाट त्यस्तो संस्थाले छूट पाएको मानिने छैन ।

## परिच्छेद ३

## संस्थाको सदस्यता तथा संगठनात्मक स्वरुप

**१३.सदस्यताः**

(१) कार्यकारी समितिले विधानको अधीनमा रही कुनै पनि नेपाली नागरिकलाई संस्थाको देहाय बमोजिमको कुनै सदस्यता वितरण गर्न सक्नेछः

(क) साधारण सदस्यता

(ख) आजीवन सदस्यता

(ग) मानार्थ सदस्य

(घ) विधानमा व्यवस्था भए बमोजिम अन्य कुनै किसिमको सदस्यता ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३१ को उपदफा (१) को खण्ड (ग) वा (च) बमोजिमको संस्था दर्ता गर्नको लागि सो उपदफाले बाधा पुर्याएको मानिने छैन।

(३) कार्यकारी समितिले संस्थाको साधारण सदस्यता वा सह-सदस्यता वितरण गर्दा विधानको अधीनमा रही धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था, उत्पत्ति वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न पाइने छैन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको उद्देश्य पूरा गर्न विशेष योगदान पुर्याएको वा पुर्याउन सक्ने कुनै नेपाली विशिष्ट व्यक्तिलाई संस्थाले मानार्थ सदस्यता वितरण गर्न सक्नेछ । तर त्यस्तो सदस्यले साधारण सभामा मतदान गर्न वा कार्यकारी समितिको उम्मेदवार हुन सक्ने छैन ।

(५) संस्थाले यस दफा बमोजिम वितरण गरेको सदस्यताको विवरण अध्यावधिक राख्नु पर्नेछ।

(६) सदस्यता बितरण तथा मतदान सम्बन्धी अन्य व्यवस्था संस्थाको विधान बमोजिम हुनेछ।

**१४.कार्यकारी समितिः**

(१) सदस्यले साधारण सभाबाट आफू मध्येबाट विधानमा व्यवस्था भए बमोजिमको पदाधिकारी तथा सदस्य रहेको कम्तिमा सात जनाको एक कार्यकारी समितिको निर्वाचन गर्नेछ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भएतापनि दफा ६ मा व्यवस्था भएको तदर्थ समिति संस्था स्थापना भएपछि स्वतः कार्यकारी समितिमा रुपान्तर हुनेछ र दर्ता भए पश्चात वढीमा ३ महिना भित्रमा संस्थाको प्रारम्भिक वार्षिक साधारण सभा सञ्चालन गरिसक्नु पर्नेछ र सो अवधि सम्मको लागि तदर्थ समिति नै कार्य समितिको हैसियतमा वहाल रहनेछ।

(३) यस ऐन वा विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संस्थाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम, कारबाही उपदफा (१) बमोजिमको कार्यकारी समितिले गर्नेछ र संस्थाको तर्फबाट भएको काम कारवाही प्रति जवाफदेही हुनेछ।

(४) उपदफा (१) बमोजिमको कार्यकारी समिति समावेशी प्रकृतिको र त्यसको कम्तिमा एक तिहाई सदस्य महिला हुनु पर्नेछ।

(५) विधानमा अन्यथा व्यवस्था भएकोमा वाहेक कार्यकारी समितिका पदाधिकारी र सदस्यको पदावधि निजहरुले पदबहाली गरेको मितिबाट गणना हुने गरी बढीमा तीन वर्षको हुनेछ ।

(६) संस्थाले कार्यकारी समितिको पदाधिकारी र सदस्य वा त्यसमा भएको हेरफेरको विवरण निर्वाचन वा त्यसरी हेरफेर भएको तीस दिन भित्र दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(७) कुनै एक संस्थाको कार्यकारी समितिको पदाधिकारी र सदस्य समान उद्देश्य भएको अन्य संस्थाको कार्यकारी समितिको पदाधिकारी रहन सक्ने छैन। तर,

(१) त्यस्तो संस्थाको सदस्य हुन,मतदान गर्न वा संस्थाको अन्य काम, कारवाहीमा सहभागी हुन बाधा पर्ने छैन।

(२) कुनै कार्यसमितिको पदाधिकारी वा सदस्य भएको कारणले त्यस्तो संस्थालाई प्रतिनिधित्व गर्ने महासंघ वा त्यसको पदाधिकारी हुन बाधा पर्ने छैन ।

(८) दर्ता अधिकारीले उपदफा (५) बमोजिमको विवरण आफ्नो अभिलेखमा अद्यावधिक गर्नु पर्नेछ ।

(९) कार्यकारी समितिको बैठक सम्बन्धी कार्यविधि र कार्यकारी समितिको अन्य काम, कर्तव्य र अधिकार विधान तथा विनियमावलीमा व्यवस्था भए वमोजिम हुनेछ ।

**१५.साधारण सभाः**

(१) प्रत्येक वर्ष कम्तिमा एकपटक संस्थाको साधारण सभा बस्नु पर्नेछ र त्यस्तो सभालाई वार्षिक साधारण सभा मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको साधारण सभामा संस्थाक सदस्याहरु उपस्थित हुन र सभाको बैठकमा सहभागी हुन सक्नेछन् ।

(३) वार्षिक साधारण सभा बोलाउने तथा साधारण सभाको कार्यविधि, काम, कर्तव्य र अधिकार, यसले सम्पादन गर्ने कामको कार्यविधि तथा त्यस सम्बन्धी अन्य व्यवस्था विधान तथा विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

(४) उपदफा १ बमोजिम वस्ने वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा ६ महिना भित्रमा बस्नुपर्नेछ ।

**१६.विशेष साधारण सभाः**

(१) विधानमा व्यवस्था भएको अवस्था र शर्तमा संस्थाको विशेष साधारण सभा बस्न सक्नेछ।

(२) विशेष साधारण सभाको काम, कर्तव्य र अधिकार तथा त्यसको बैठक सम्वन्धी कार्यविधि विधान तथा विनियमावतीमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद ४

## संस्थाको कार्य सञ्चालन तथा त्यसको नियमन

**१७. संस्थाको कार्यक्षेत्रः**

(१) संस्थाले कार्य सम्पादन गर्ने भौगोलिक कार्य क्षेत्र विधानमा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम भौगोलिक कार्य क्षेत्र उल्लेख गर्दा संस्थाले आफ्नो काम, कारवाही स्थानीय तहको कुनै बड़ा बा टोल कुन स्तरमा सञ्चालन वा विस्तार गर्ने हो सो कुरा स्पष्ट रुपमा उन्लेख गर्नु पर्नेछ।

(३) संस्थाले आफ्नो उद्देश्य पूरा गर्न कुनै काम, कारबाही संचालन गर्दा उपदफा (२) मा उल्लेख भएको भौगोलिक कार्य क्षेत्रको सीमा भित्र सीमित रहनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसकै कुरा लेखिएको भए तापनि सम्वन्धित कार्यक्षेत्रमा आफ्नो काम, कारबाही सञ्चालन गर्ने अधिकार प्राप्त कुनै संस्थासँग साझेदारीमा काम गर्ने आपसमा सहकार्य गर्न वा त्यस्तो संस्थालाई कुनै किसिमले सहयोग

गर्न अर्को कार्यक्षेत्रको लागि अधिकार प्राप्त संस्थालाई बाधा पुर्याएको मानिने छैन।

(५) यो ऐन प्रारम्भ हुनुअघि दर्ता भई सञ्चालनमा रहेको संस्थाले यो ऐन प्रारम्भ भएको छ महिना भित्र आफ्नो विधान संशोधन गरी कार्यक्षेत्र निर्धारण गर्नु पर्नेछ र त्यसको सूचना दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सूचना नदिएमा त्यस्तो संस्थाको कार्यक्षेत्र स्वतः निष्कृय हुनेछ ।

**१८.संस्थाको वर्गीकरणः**

(१) संस्थाले विधान वमोजिम आफ्नो उद्देश्य पूरा गर्दा कुन प्रकृतिको संस्थाको हैसियतमा कार्य सम्पादन गर्ने हो सो कुरा विधानमा उल्लेख गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि संस्थालाई अन्य कुराको अतिरिक्त देहायको प्रकृतिको रुपमा तोकिए बमोजिम बर्गीकरण गर्नु पर्नेछः

(क) सचेतना प्रवर्द्धन वा जागरण,

(ख) अधिकारको पैरवी वा प्रवर्द्धन,

(ग) सामाजिक कल्याण वा परोपकार,

(घ) सामाजिक सेवा वा सामाजिक परिचालन,

(ङ) पर्यावरण वा बातावरण संरक्षण,

(घ) सामाजिक न्याय,

(छ) सामुदायिक विकास,

(ज) सुशासन, लोकतन्त्र या लैहिक न्याय तथा समावेशी विकास,

(झ) उपभोक्ता हित र सरोकार संरक्षण

(ज) अध्ययन वा अनुसन्धान,

(ट) पेशागत हित प्रवर्द्धन र संरक्षण,

(ठ) धार्मिक वा साँस्कृतिक प्रवर्द्धन

(ड) विकास निर्माणका आयोजना कार्यान्वयन,

(ड) व्यावसाय प्रवर्द्धन गर्ने,

(ण) तोकिए बमोजिमको अन्य प्रकृति ।

(३) संस्थाले आफ्नो विधानमा जुन प्रकृतिको वर्गीकरणमा दर्ता हुँदाको बखत आफूलाई राखेको छ सोही प्रकृतिको उद्देश्यमा सीमित रही आफ्नो उद्देश्य कार्यान्वयन गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकभन्दा बढी प्रकृतिको उद्देश्य कार्यान्वयन गर्नको लागि कुनै संस्था दर्ता भएको भए तोकिए बमोजिमको दस्तूर भुक्तानी गर्नु पर्नेछ ।

**१९.संस्थाले गर्न सक्ने कामः**

(१) संस्थाले आफ्नो उद्देश्य पूरा गर्न यो ऐन, प्रचलित कानून तथा विधानको अधीनमा रही आवश्यक काम गर्न सक्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम उद्देश्यसँग निकटतम सम्बन्ध राख्ने अन्य आवश्यक काम पनि गर्न सक्नेछ।

(३) उपदफा (१) तथा (२) को प्रतिकूल नहुने गरी संस्थाले खास गरी देहायको काम गर्न वा गराउन सक्नेछः

(क) आफ्नो उद्देश्य कार्यान्वयनका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्न र त्यसको कार्यान्वयन गर्ने,

(ख) खण्ड (क) बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न आवश्यक स्रोत जुटाउने,

(ग) विधानको अधीनमा रही आपनी कार्य क्षेत्रभित्र शाखा कार्यालय खोल्ने र त्यस मार्फत कार्य सम्पादन गर्ने,

(घ) संस्थाको बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने,

ङ) आफ्नो उद्देश्य पूरा गर्नका लागि सदस्यहरुलाई वा स्वयंसेवकलाई परिचालन गर्ने,

(च) आफ्नो उद्देश्य कार्यान्वयन गर्न कर्मचारी, कामदार वा सल्लाहकार नियुक्ति गर्ने र निजहरुको पारिश्रमिक, सुविधा र सेवाका शर्त निर्धारण गर्ने,

(छ) संस्थाको चल वा अचल, भौतिक वा अभौतिक र मूर्त वा अमूर्त सम्पत्तिको संरक्षण गर्ने,

(ज) आफ्नो उद्देश्य पूरा गर्न आवश्यक पर्ने सामग्री प्रकाशन गर्ने र प्रचार प्रसार गर्ने,

(झ) खण्ड (ज) बमोजिमको सामग्री विक्री वितरण गर्ने,

(ञ) सामाजिक सचेतना र सामाजिक जागरण प्रवर्द्धन गर्ने,

(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, कुनै व्यक्ति, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त दान, अनुदान वा सहायता स्वीकार गर्ने,

(ठ) नागरिक संस्कृतिको जगेर्ना र प्रवर्द्धन गर्ने,

(ड) राष्ट्रिय एकता र सामाजिक सदभाव प्रवर्द्धन गर्ने,

(ढ) सामाजिक सेवा र स्वयंसेवी भावनाको प्रवर्द्धन र विस्तार गर्ने,

(ण) खण्ड (ग) अन्तर्गत त्यस्ता बुँदाहरु विधानमा उल्लेख नभएको अवस्थामा भने सोअघि दर्ता अधिकारीबाट स्वीकृति लिनु पर्ने छ।

(४) संस्थाले उपदफा (३) को खण्ड (च) बमोजिम कर्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धाबाट गर्नु पर्नेछ ।तर कुनै खास काम गर्न एक वर्षभन्दा कम अवधिका लागि नियुक्त गर्दा खुला प्रतिस्पर्धा गराउनु अनिवार्य हुने छैन ।

**२०.अनुमति प्राप्त गर्नु पर्ने:**

(१) संस्थाले दफा १९ बमोजिम आफ्नो उद्देश्य पूरा गर्न वा उद्देश्य पूरा गर्न सम्पादन गर्न सक्ने अन्य काम गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको छुट्टै अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने संस्था दर्ता भएको वा विधान स्वीकृत भएको कारणले मात्र संस्थाले त्यस्ता उद्देश्य पूरा गर्न वा उद्देश्य पूरा

गर्न सम्पादन गर्ने अन्य काम गर्न स्वतः त्यस्ता अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गरेको मानिने छैन ।

(२) संस्था दर्ता नगरी वा अनुमतिपत्र वा इजाजतपत्र नलिई कुनै पनि काम कारबाहीहरु संचालन गर्न पाउने छैन।

**२१. संस्थाले गर्न नहुने र गर्न नसक्ने कामः**

(१) यस ऐनमा अन्यत्र जुनसकै कुरा लेखिएको भएतापनि संस्थाले देहायको कुनै काम गर्न वा गराउन हुँदैनः

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनतामा खलल पार्ने,

(ख) मुलुकको विरुद्ध जासुसी गर्ने वा गराउने,

(ग) संस्थाको जानकारीमा आएको राष्ट्रिय गोपनीयता भङ्ग गर्ने,

(घ) नेपालको सुरक्षामा आँच पुर्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने,

(ङ) कानून बमोजिम राज्यद्रोह हुने,

(च) संघीय इकाई बीचको सुसम्बन्ध खलल पार्ने,

(छ) जातीय या साम्प्रदायिक विद्वेष फैलाउने,

(ज) विभिन्न जात, जाति, धर्म र सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पार्ने,

(झ) हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने वा हिंसाको प्रचार प्रसार गर्ने वा गराउने ।

(२) उपदफा (१) मा उल्लेख भएको कामको अतिरिक्त संस्थाले देहायको काम गर्न सक्ने छैनः

(क) सार्वजनिक नैतिकताको प्रतिकूल हुने कुनै काम गर्ने वा गराउने,

(ख) कुनै व्यापार, व्यवसाय बा पेशा संचालन गर्ने वा मुनाफा कमाउने वा मुनाफा वितरण गर्ने कुनै काम गर्ने बा गराउने,

**स्पष्टीकरणः** संस्थाले आफ्नो कोषको रकम बैंकमा जम्मा गरेको वा तत्काल संस्थालाई आवश्यक नपर्ने रकम कुनै लगानी गरेको वा यस ऐन बमोजिम सार्वजनिक कल्याणको लागि कुनै परियोजना कार्यान्वयन गरेको कारणबाट प्राप्त गर्ने मनासिव प्रतिफललाई व्यापार वा मुनाफा कमाएको मानिने छैन ।

(ग) दलगत र राजनीतिक काम, कारवाई संचालन गर्ने वा कुनै दलको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्ने वा गराउने,

(घ) उपदफा (१) मा लेखिएकोमा बाहेक प्रचलित कानून प्रतिकूल हुने अन्य कुनै काम गर्ने वा गराउने।

(३) उपदफा (२) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम लघुवित्त कार्यक्रम संचालन गर्न अधिकार प्राप्त अधिकारीबाट अनुमति प्राप्त संस्थालाई त्यस्तो कार्यक्रम संचालन गर्न बाधा पर्ने छैन ।

(४) संस्थाले वा संस्थाको तर्फबाट उपदफा (१) वा (२) वमोजिमको कुनै काम गरेको भएमा त्यस्तो काम जुन व्यक्तिले गरेको हो सोही व्यक्ति र त्यस्तो व्यक्ति पहिचान हुन नसकेमा सम्बन्धित संस्थाको कार्यकारी समितिको पदाधिकारी जिम्मेवार रहने छन् ।

(५) उपदफा (१) वा (२) बमोजिमको कुनै काम संस्था भित्र वा संस्थाका पदाधिकारी वा कर्मचारीले गरेको कुरा संस्थालाई जानकारी भएपछि सम्बन्धित संस्थाले त्यस्तो कामको सम्बन्धमा अधिकार प्राप्त अधिकारीलाई जानकारी गराई सम्बन्धित पदाधिकारी वा कर्मचारीलाइ कारबाही गरेको रहेछ भने त्यस्तो काम सम्बन्धित संस्थाले गरेको मानिने छैन।

## २२. बार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः

(१) संस्थाले प्रत्येक आर्थिक वर्ष प्रारम्भ भएको तीन महिनाभित्र अघिल्लो आर्थिक वर्षमा त्यस्तो संस्थाले सञ्चालन गरेको काम, कारबाहीको बार्षिक प्रतिवेदन दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायको विवरण उल्लेख वा संलग्न गर्नु पर्नेछ:

(क) संस्थाले संचालन गरेको कार्यक्रम वा परियोजनाको विवरण,

(ख) खण्ड (क) बमोजिमको कार्यक्रम वा परियोजना सञ्चालन गर्दा लागेको रकम तथा त्यसको स्रोत,

(ग) खण्ड (क) बमोजिमको कार्यकम वा परियोजनाको संचालनबाट प्राप्त लाभ, लाभग्राहीको विवरण,

(घ) संस्थामा संलग्न कर्मचारी र कामदार,

(ड) संस्थाको आर्थिक प्रतिवेदन,

(च) अन्य आवश्यक विवरण ।

## परिच्छेद ५
## विदेशी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था

**२३. अनुमति पत्र प्राप्त गर्नु पर्ने:**

(१) यस गाउँपालिका भित्र स्वयंले वा स्थानीय संघ संस्थासँगको साझेदारीमा काम गर्न वा कुनै परियोजना सञ्चालन गर्न चाहने कुनै पनि विदेशी नागरिक एवम् अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नेपाल सरकारको स्वीकृति लिईसकेको हो भने त्यस्तो व्यक्ति वा संस्थालाई गाउँपालिकाभित्र कार्य गर्न वा परियोजना संचालन गर्न स्वीकृति प्रदान गर्नेछ । तर सो को पूर्व जानकारी अधिकार प्राप्त अधिकारीलाई गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि त्यस्तो व्यक्ति वा संस्थाले कार्यक्रम सञ्चालन गर्नुपूर्व देहायको विवरण तथा कागजात सहित तोकिएको ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(क) सम्बन्धित संस्था कुन मलुकमा दर्ता भएको हो, सो को विवरण,

(ख) सम्बन्धित संस्थाको विधान र त्यसको नेपाली भाषामा गरिएको आधिकारिक अनुवाद,

(ग) काम गर्न चाहेको भौगोलिक क्षेत्र,

(घ) गर्न चाहेको काम वा सञ्चालन गर्न चाहेको परियोजना र त्यसको लागि अनुमानित वार्षिक बजेट रकम,

(ङ) खण्ड (घ) बमोजिमको काम गर्न वा परियोजना संचालन गर्न आवश्यक बजेट रकम र त्यसको स्रोत,

च) सहकार्य गर्न प्रस्ताव गरिएको गाउँपालिका भित्रको संस्थाको विवरण।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा दर्ता अधिकारीले यसको अध्ययन र जाँचबुझ गरी निवेदन प्राप्त भएको कम्तिमा ३० दिनभित्र निवेदन गर्ने विदेशी नागरिक वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा नेपालको प्रचलित कानुन बमोजिम अन्य स्थानीय तहहरुमा स्थाई ठेगाना रही दर्ता भएका गैरनाफामूलक संस्थाहरुलाई यस गाउँपालिकामा कुनै काम गर्न वा परियोजना सञ्चालन गर्न अनुमति दिन सकिने वा नसकिने सो सम्बन्धमा निर्णय गर्न देहायको समिति समक्ष पेश गर्नु पर्नेछ ।

संयोजक - अध्यक्ष

सदस्य - उपाध्यक्ष

सदस्य - प्रमुख प्रशासकीय अधिकृत

सदस्य - परियोजना सञ्चालन हुने सम्बन्धित वडाको अध्यक्ष

सदस्य - परियोजना सम्बन्धित विषयगत शाखाको प्रमुख

सदस्य - सचिव योजना शाखा प्रमुख

(४) उपदफा (३) बमोजिम निर्णय गर्दा समितिले त्यस्तो संस्थालाई अनुमति दिन नसकिने भएमा दर्ता अधिकारीले त्यसको कारण खुलाई सम्बन्धित संस्थालाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम समितिले अनुमति दिन सकिने गरी निर्णय गरेमा दर्ता अधिकारीले तोकिएको ढाँचामा अनुमतिपत्र प्रदान गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम अनुमतिपत्र प्रदान गर्दा दर्ता अधिकारीले मनासिव शर्त तोक्न सक्नेछ र त्यस्तो शर्त पालना गर्नु सम्बन्धित निवेदक व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।

(७) यस दफा बमोजिम अनुमतिपत्र प्राप्त गर्न निवेदक व्यक्ति वा संस्थाले तोकिएको रकम अनुमतिपत्र दस्तुर बापत बुझाउनु पर्नेछ।

(८) यस दफामा अन्यत्र जनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिक वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा त्यस्तो संस्थाको प्रतिनिधि, पदाधिकारी वा कर्मचारीले नेपालमा कार्यसम्पादन गर्दा यो ऐन र प्रचलित कानूनको पालना गर्नु पर्नेछ ।

(९) विदेशी नागरिक वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले आफ्नो कार्यसम्पादन पूरा गरेको वा अन्य कुनै कारणले यस गाउँपालिकाभित्र काम गर्न नसक्ने अवस्था भएमा त्यस्तो संस्थाको यस गाउँपालिकामा रहेको चल र अचल सम्पत्ति सम्बन्धित पक्षसँग भएको सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

**२४. स्थानीय संस्थासँग साझेदारी गर्नु पर्नेः**

(१) यस गाउँपालिका भित्र कुनै काम गर्ने वा परियोजना सञ्चालन गर्ने विदेशी नागरीक वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले यस गाउँपालिकामा दर्ता भएको कुनै पनि संस्थासँग साझेदारीमा वा त्यस्ता संस्थालाई सहभागी गराई त्यस्तो काम गर्नु वा परियोजना संचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि संस्था छनौट गर्दा प्रतिस्पर्धात्मक हुने गरी तोकिए बमोजिमको कार्यविधि पूरा गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुराहरु उल्लेख भएता पनि यस गाउँपालिकाभित्र सक्रिय रहेका संस्थाहरु आफैले बिदेशी नागरीक वा अन्तर्राष्ट्रिय गैर सरकारी

संस्थासँग प्रत्यक्ष सम्पर्कमा रही कोष तथा अनुदान रकम प्राप्त गरी कार्यक्रम संचालन गर्न यस ऐनले बाधा पर्नेछैन ।

**२५. परियोजना सम्झौता गर्नेः**

(१) विदेशी नागरिक वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले गाउँपालिकाभित्र कुनै परियोजना कार्यान्वयन गर्नुपर्ने भएमा तोकिए बमोजिम गाउँपालिकासँग परियोजना सम्झौता गर्नुपर्ने छ ।

**२६. बैंकिङ्ग प्रणाली मार्फत रकम ल्याउनु पर्नेः**

(१) दफा २३ को उपदफा (५) बमोजिम अनुमति प्राप्त गरेको संस्थाले पिपरा गाउँपालिकाभित्र काम गर्ने वा परियोजना कार्यान्वयन गर्ने प्रयोजनका लागि नेपालमा रकम ल्याउँदा बैंकिङ्ग प्रणाली मार्फत हस्तान्तरण वा भुक्तानी हुने गरी ल्याउनु पर्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले उपदफा (१) बमोजिम नेपालमा ल्याएको रकमको बिदेशी मुद्रामा खाता संचालन गर्न सक्नेछ।

**२७. नेपाली मानव संसाधन उपयोग गर्नु पर्नेः**

(१) दफा २३ को उपदफा (५) बमोजिम पिपरा गाउँपालिकामा कुनै काम वा कुनै परियोजना सञ्चालन गर्ने संस्थाले त्यस्तो काम गर्दा वा परियोजना संचालन गर्दा आवश्यक हुने विशेषज्ञ, कर्मचारी, सल्लाहकार वा कामदार नेपानी नागरिकलाई नियुक्ति गर्नु पर्नेछ र कार्यक्रम संचालनार्थ आवश्यक पर्ने मानव संसाधन नियुक्ति गर्दा यस गाउँपालिका भित्रका नागरिकाहरुलाई पहिलो प्राथमिकता प्रदान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्दा स्थानीय स्तरको समाचार पत्रमा तथा सूचना प्रकाशन गरी कम्तिमा ७ दिन र बढीमा ३५ दिनको समय दिई विज्ञापन गरी

आहवान गर्नु पर्नेछ । यसवाट पनि उपयुक्त विशेषज्ञ या कर्मचारीहरु स्थानीय स्तरबाट उपलब्ध हुन नसकेमा त्यसको सवुद र प्रमाण सहित अन्य स्थानको नेपाली नागरिकहरुलाई नियुक्ति प्रदान गर्न सक्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २३ को उपदफा (५) बमोजिम नेपालमा काम गर्न अनुमति प्राप्त संस्थाको आवासीय वा नेपाल कार्यालयका प्रतिनिधिको रुपमा एक जना विदेशी नागरिकलाई नेपाल सरकारले संस्थामा काम गर्ने अनुमति प्रदान गरे बमोजिम हुनेछ ।

## परिच्छेद-६
## आर्थिक सहयोग सम्बन्धी व्यवस्था

**२८. आर्थिक सहयोग प्राप्त गर्न अनुमति प्राप्त गर्नु पर्नेः**

(१) कुनै कार्यक्रम सञ्चालन वा परियोजना कार्यान्वयन गर्न विदेशी नागरिक, विदेशी सरकार वा निकाय, अन्तरर्राष्ट्रिय गैर सरकारी संस्थाबाट वस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै सहयोग वा अनुदान प्राप्त गर्न चाहने संस्थाले देहायका विवरण खुलाइ स्वीकृतिको लागि दर्ता अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछः

(क) सस्थाको दर्ता मिति र त्यसको संक्षिप्त विवरण

(ख) संस्थाका मुख्य उद्देश्यहरु

(ग) सञ्चालन गर्न वा कार्यान्वयन गर्न प्रस्ताव गरिएको कार्यकम या परियोजना

(घ) कार्यक्रम सञ्चालन वा परियोजना कार्यान्वयन गर्न आवश्यक हुने रकम

(ङ) कार्यकम सञ्चालन वा परियोजना कार्यान्वयन गर्नको लागि सहयोग प्रदान गर्ने विदेशी नागरिक तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको विवरण।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा दर्ता अधिकारीले गाउँ कार्यपालिकासँग समन्वय गरी निवेदन प्राप्त भएको १५ दिनभित्र स्वीकृति दिनु पर्ने मनासिव देखिएमा स्वीकृति प्रदान गर्नेछ ।

**२९. प्रयोजन बमोजिम रकम खर्च गर्नु पर्नेः**

(१) संस्थाले जुन प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विदेशी सरकार वा नेपाल स्थित विदेशी नियोग, अन्तर्राष्ट्रिय वित्तीय संस्था वा विदेशी नागरिक एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट रकम प्राप्त गरेको हो सोही प्रयोजनको लागि खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरेको विवरणको एक प्रति प्रतिवेदन दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

## परिच्छेद-७

## दर्ता अधिकारी तथा त्यसको काम, कर्तव्य र अधिकार

**३०. दर्ता अधिकारीका कार्यालयः**

(१) दर्ता अधिकारीको कार्यालय भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता अधिकारीको अतिरिक्त निजलाई सहयोग गर्न सहायक अधिकारी र अन्य आवश्यक कर्मचारीहरु तथा अन्य साधन र स्रोत गाउँपालिकाले उपलब्ध गराउनेछ ।

**३१. दर्ता अधिकारीको काम, कर्तव्य र अधिकारः**

(१) यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त दर्ता अधिकारीको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) संस्थाको सञ्चालन, नियमन र व्यवस्थापनलाई सहजीकरण गर्ने,

(ख) संस्थाको संचालन र व्यवस्थापनको सम्बन्धमा पिपरा गाउँपालिका र सामाजिक संस्थाविच समन्वय गर्न सहयोग गर्ने,

(ग) संस्थालाई प्रचलित कानून बमोजिम उपलब्ध हुने सुविधाको सहज पहुँच सुनिश्चित गर्न सहयोग गर्ने,

(घ) सामाजिक संस्थाको दर्ता, संचालन, नियमन र व्यवस्थापनका सम्बन्धमा समय समयमा गर्नुपर्ने नीतिगत, संस्थागत र कानूनी सुधारका सम्बन्धमा गाउँ कार्यपालिकालाई सुझाव दिने,

(ङ) कार्यक्रम संचालन, परियोजना कार्यक्रम वा कार्य क्षेत्रको सम्बन्धमा संस्थावीच विवाद उत्पन्न भएमा त्यसको मेलमिलाप गराउने वा विवाद समाधानका लागि मध्येस्थता गर्ने

(च) तोकिए बमोजिमको अन्य कार्य गर्ने वा गराउने ।

(२) दर्ता अधिकारीले आफूले सम्पादन गरेको काम, कारबाहीको बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र गाउँ कार्यपालिका समक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायको विवरण उल्लेख गर्नु पर्नेछः

(क) गाउँपालिकामा दर्ता भई वा यस ऐन अगावै दर्ता भई गाउँपालिकाको स्वीकृति लिई संचालनमा रहेका कूल संस्थाको विवरण,

(ख) गाउँपालिकाभित्र कार्यरत कूल विदेशी नागरिक तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको विवरण र सो को अनुदानमा संचालित स्थानीय संस्थाहरुको विवरण,

(ग) खण्ड (क) र (ख) बमोजिमको संस्थामा संलग्न मानव संसाधनको विवरण,

(घ) खण्ड (क) र (ख) वमोजिमको संस्थाको कुल वित्तीय कारोबारको विवरण,

(ङ) संस्थाको नियमन गर्न दर्ता अधिकारीले गरेको काम, कारवाहीको विवरण,

(च) प्रतिवेदनले समेटेको आर्थिक वर्षभित्र निलम्वन वा खारेज गरिएको संस्थाको विवरण,

(छ) संस्थाका काम कारबाहीलाई प्रभावकारी र पारदर्शी बनाउन र संस्थाको दीगोपना सुनिश्चित गर्न स्थानीय तहले गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विवरण,

(ज) अन्य आवश्यक विवरण ।

(४) गाउँ कार्यपालिकाले उपदफा (३) वमोजिम प्राप्त भएको प्रतिवेदनलाई जानकारीका लागि गाउँपालिकाको संस्थागत विकास, सेवा प्रवाह र सुशासन समिति मार्फत गाउँ सभामा पेश गर्नेछ ।

**३२. निर्देशन दिन सक्नेः**

(१) दर्ता अधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आफूले दर्ता गरेका संस्थाको काम कारवाहीलाई मर्यादित, पारदर्शी, समाजसेवी वा कल्याणकारी बनाई यसको दीगोपनलाई सुनिश्चित गर्न समय समयमा लिखित निर्देशन दिन सक्नेछ ।

**३३. आचारसंहिताः**

(१) कार्यकारी समितिले सम्बन्धित संस्थाका प्रकृति अनुसार कार्यकारी समितिको पदाधिकारी वा सदस्यले पालना गर्नुपर्ने आचारसंहिता बनाइ लागू गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आचारसंहिता पालना गर्नु सम्बन्धित पदाधिकारी, सदस्य वा संस्थाको कर्तव्य हुनेछ।

(३) दर्ता अधिकारीले समय समयमा संस्था प्रवन्ध समितिका पदाधिकारी वा सदस्यले उपदफा (१) बमोजिमका अचार संहिता पालना गरे नगरेको अनुगमन गर्न वा गराउन सक्नेछन् ।

**३४. अनुगमन गर्नेः**

(१) दर्ता अधिकारीले यस ऐन बमोजिम संस्था संचालन भए वा नभएको आफै वा कुनै विशेषज्ञ नियुक्त गरी अनुगमन गर्न वा गराउन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा वा गराउँदा अनुगमन गर्ने अधिकारीले सम्बन्धित संस्थावाट आवश्यक कागजात र विवरण माग गर्न सक्नेछ र त्यस्ता कागजात वा विवरण उपलब्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद-८

## संस्थाको कोष, लेखा, लेखापरीक्षण तथा सम्पत्तिको व्यवस्थापन

**३५.संस्थाको कोषः**

(१) आफ्नो उद्देश्य पूरा गर्नका लागि आवश्यक कार्यक्रम वा आयोजना सञ्चालन गर्न वा काम कारबाही गर्न वा गराउन संस्थाका एक छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा हुनेछन्

(क) सदस्यता शुल्क वा सदस्यता नवीकरण शुल्क बापत प्राप्त रकम,

(ख) संस्थाले उत्पादन गरेका कुनै प्रकाशनको बिक्रीबाट प्राप्त रकम,

(ग) संस्थालाई तत्काल आवश्यक नभएको रकम लगानीबाट प्राप्त प्रतिफल बापतका रकम,

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै सरकारी संस्थाबाट कुनै किसिमले प्राप्त गरेको रकम,

(ङ) कुनै कम्पनी वा संगठित संस्थाबाट संगठित सामाजिक जिम्मेवारी अन्तर्गत खर्च गर्न प्राप्त हुन सक्ने रकम,

(च) विदेशी व्यक्ति वा संस्था वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय निकायबाट प्राप्त रकम,

(छ) कुनै व्यक्ति वा संस्थाबाट अन्य कुनै किसिमबाट प्राप्त रकम ।

(३) संस्थाले उपदफा (१) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अघि दर्ता अधिकारी मार्फत गाउँ कार्यपालिकाको सिफारिसमा समाज कल्याण परिषद् वा नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति प्राप्त गर्नुपर्नेछ ।यदि सो निकायले नै समाज कल्याण परिषाद् वा अर्थ मन्त्रालयबाट स्वीकृति लिइसकेको भएमा समाज कल्याण परिषद्लाई जानकारीमात्र गराए पुग्नेछ ।

(४) संस्थाले उपदफा (३) वमोजिमको रकम प्राप्त गर्दा बैंकिङ्ग प्रणाली मार्फत रकम हस्तान्तरण गरी प्राप्त गर्नु पर्नेछ ।

(५) संस्थाले कुनै व्यक्तिलाई एक पटकमा दश हजार रुपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा वा कुनै व्यक्ति वा संस्थाबाट सो रकम प्राप्त गर्दा बैंक चेक वा बैंकिङ्ग हस्तान्तरण प्रणाली मार्फत गर्नुपर्नेछ ।

(६) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्दा तोकिए बमोजिम स्वीकृत कार्यक्रम वा परियोजनाको आधारमा प्राप्त गर्न सक्नेछ ।

**३६.कोषको खाता सञ्चालनः**

(१) संस्थाले दफा ३५ को उपदफा (१) बमोजिमको रकम कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाता विधानमा व्यवस्था भए बमोजिम वा कार्यकारी समितिको निर्णय बमोजिम त्यस्ता समितिका कम्तिमा दुई जना पदाधिकारीको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम रकम जम्मा गरी प्राप्त गरेको प्रतिफललाई मुनाफा प्राप्त गरेको मानिने छैन ।

**३७. संस्थाको लेखाः**

(१) संस्थाले आफ्नो आर्थिक कारोबारका विवरण पारदर्शी ढंगबाट कायम राख्न आवश्यक खातावही र श्रेस्ता राख्नु पर्नेछ र त्यस्ता खाता विद्युतीय माध्यम वा स्वरुपमा पनि राख्न सकिनेछ ।

(२) कार्यकारी समितिले उपदफा (१) बमोजिमको खातावही र श्रेस्ताको विवरण कम्तिमा पन्ध्र दिनको अवधि भित्र सदस्यहरुले हेर्न पाउनेगरी प्रत्येक आर्थिक वर्षका लागि समय निर्धारण गरी सदस्यहरुलाई सूचना गर्नु पर्नेछ।

(३) संस्थाको रकम हिनामिना भएमा वा कुनै उजुरी परेमा दर्ता अधिकारीले कुनै पनि बखत संस्थाको लेखा, खाताबह, श्रेस्ता निरीक्षण गर्न वा गराउन सक्नेछ।

## ३८. लेखापरीक्षणः

(१) संस्थाको साधारण सभाबाट नियुक्त लेखा परीक्षकले दफा ३७ बमोजिम राखेको लेखाको लेखापरीक्षण गर्नु पर्नेछ र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र दफा २२ बमोजिम पेश गर्ने प्रतिवेदनमा लेखापरीक्षणको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै संस्थाले लेखापरीक्षण प्रतिवेदन पेश नगरेको उजुरी प्राप्त भएमा वा संस्थाको रकम वा सम्पत्ति हिनामिना भएको कुनै उजुरी परेमा वा दर्ता अधिकारीलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा दर्ता अधिकारीले त्यस्तो संस्थाको अतिरिक्त लेखापरीक्षण गराउन सक्नेछ र त्यसरी लेखा परीक्षण गर्ने लेखापरीक्षकले दर्ता अधिकारी र सम्बन्धित कार्यकारी समितिलाइ प्रतिवेदन बुझाउनेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लागेको खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बार्षिक पचास हजार रुपैयाँ भन्दा कम रकमको कारोवार गर्ने संस्थाले चाहेमा लेखापरीक्षण गराउनु पर्ने छैन र त्यस्ता संस्थाले आय व्ययको विवरण दफा २२ बमोजिम दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ तर उक्त आर्थिक प्रतिवेदन संस्थाको कार्य समिति मार्फत स्वीकृत भएको हुनुपर्नेछ ।

## ३९. सम्पत्तिको व्यवस्थापनः

(१) संस्थाले आफ्नो चल, अचल, भौतिक, अभौतिक वा मूर्त वा अमूर्त सम्पत्तिको विवरण सहितको लगत अधावधिक रुपमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको लगत विवरण सदस्यको निरीक्षणको लागि प्रत्येक वर्ष कम्तिमा पन्ध्र दिनको सूचना दिई कम्तिमा पन्ध्र दिनको लागि खुला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लगत कार्यकारी समितिका प्रतिवेदन सहित वार्षिक साधारण सभामा पेश गर्नु पर्नेछ।

(४) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति खरिद गरी प्राप्त गर्न र उपभोग गर्न सक्नेछ ।

(५) संस्थाले आफ्ले खरिद गरी उपभोग गरिरहेको चल अचल सम्पत्तिहरु बेचविखन गर्न पाउने छ, तर यस्तो सम्पत्तिहरु कुनै सरकारी, गैरसरकारी, सार्वजनिक वा अन्य सामाजिक संस्थाहरुलाई हस्तान्तरण व बिक्री वितरण गर्नुअघि गाउँपालिकाको अधिकारीलाई जानकारी गराउनुपर्ने छ ।

## परिच्छेद-९

## निलम्बन तथा विघटन

**४०. संस्था वा पदाधिकारीको निलम्बनः**

(१) देहायको अवस्थामा देहायका अवधिका लागि कुनै संस्था स्वतः निलम्बन भएको मानिनेछः

(क) कुनै संस्थाले दफा १२ बमोजिम संस्था नवीकरण नगराएमा नवीकरण गराउनु पर्ने अन्तिम म्याद समाप्त भएको मितिले १ वर्ष अवधिसम्म,

(ख) कुनै संस्थाले दफा २२ बमोजिम पेश गर्नुपर्ने वार्षिक प्रतिवेदन पेश नगरेमा त्यस्तो प्रतिवेदन पेश गर्नुपर्ने अन्तिम म्याद समाप्त भएको मितिले सोही आर्थिक वर्षको अन्तिम दिनसम्मको अवधिमा नबढाई त्यस्तो प्रतिवेदन पेश नगरेसम्म ।

(२) उपदफा (१) बमोजिम अवस्था उत्पन्न भई संस्था निलम्वन भएमा सम्बन्धित संस्थाले सो सम्बन्धमा यथाशिघ्र दर्ता अधिकारीलाई जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निलम्बन भएको संस्थाले निलम्वनको अवधिभित्र नवीकरण गराएमा वा वार्षिक प्रतिवेदन पेश गरेमा नवीकरण गराएको बा प्रतिवेदन पेश गरेको मितिबाट स्वतः निलम्बन अन्त्य हुनेछ ।

(४) कार्यकारी समितिको कुनै पदाधिकारी वा सदस्यले दफा २१ को उपदफा (१) बमोमिजको कुनै काम गरेको कारणले त्यस्ता पदाधिकारी वा सदस्यको विरुद्ध कानून बमोजिम मुद्दा दायर भएमा वा प्रचलित कानून बमोजिम निज थुनामा रहेको अवधिभर निज स्वतः निलम्बन हुनेछ ।

(५) उपदफा (१) बमोजिम संस्था निलम्बन भएमा निलम्बन फुकुवा हुनका लागि गर्नुपर्ने आवश्यक काम वाहेक अन्य कुनै काम गर्न सक्ने छैन ।

**४१. संस्थाको विघटनः**

(१) देहायको अवस्थामा दर्ता अधिकारीले संस्था विघटन गर्ने आदेश दिन सक्नेछः

(क) विधान बमोजिम साधारण सभाबाट संस्था विघटन गर्ने प्रस्ताव पारित गरी कार्यकारी समितिले दर्ता अधिकारी समक्ष निवेदन दिएमा,

(ख) यस ऐन वा विधान बमोजिम संस्थाका उद्देश्य पूरा गर्नका लागि कार्य संचालन गर्न नसकेको कारण देखाई कार्यकारी समितिले संस्था बिघटन गर्न दर्ता अधिकारी समक्ष निवेदन दिएमा,

(ग) दफा ४० को उपदफा (५) बमोजिम संस्था निलम्बनका अवधिभर संस्थाले आफ्नो काम कारवाहीमा सुधार नगरेमा ।

(२) कुनै संस्था वा संस्थाको तर्फबाट वा त्यस्ता संस्थाभित्र दफा २१ को उपदफा (१) बमोजिमको कसूर वा संगठीत अपराध गरेको अदालतवाट ठहर भएमा त्यस्तो संस्था स्वतः विघटन भएको मानिनेछ ।तर त्यस्तो कसूर वा अपराध भएको विषयमा सम्बन्धित संस्थाले अधिकार प्राप्त अधिकारीलाई जानकारी दिएमा वा त्यस्ता कसूर वा अपराध गर्ने व्यक्तिलाई मुद्दा दायर हुनुअघि सदस्यबाट हटाएमा त्यस्ता संस्था विघटन हुने छैन ।

(३) उपदफा (१) वा (२) बमोजिमको कारण उत्पन्न भएमा दर्ता अधिकारीले पन्ध्र दिनको समय दिई संस्था बिघटन गर्नु नपर्ने कुनै कारण भए त्यसको स्पष्टीकरण पेश गर्न सम्बन्धित संस्थालाई मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजनक र मनासिव देखिएमा सम्बन्धित संस्थालाई सुधार गर्ने शर्तमा संस्थालाई आफ्नो उद्देश्य पूरा गर्न काम गर्न दिनेछ ।

(५) उपदफा (३) बमोजिम स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा दर्ता अधिकारीले त्यस्तो संस्था विघटन गर्न आदेश दिनेछ ।

(६) यस दफा बमोजिमको संस्था विघटनको आदेशमा चित्त नबुझ्ने संस्थाले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**४२.संस्था विघटनको परिणामः**

(१) दफा ४१ बमोजिम कुनै संस्था स्वतः विघटन भएमा वा दर्ता अधिकारीले त्यस्ता संस्था विघटन गर्ने आदेश दिएमा त्यसरी विघटन भएको संस्थाको सम्पत्ति गाउँपालिकामा स्वतः हस्तान्तरण भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण भएका सम्पत्तिको स्वामीत्व एक वर्षसम्म पिपरा गाउँपालिकाले आफ्नो मातहतमा राख्नु पर्नेछ र एक वर्षपछि समान प्रकृतिका उद्देश्य भएको अन्य कुनै स्थानीय संस्थालाई हस्तान्तरण गर्न वा अन्य कुन कल्याणकारी काममा प्रयोग गर्न सक्नेछ।

## परिच्छेद १०

## कसूर तथा सजाय, जरिबाना

**४३. कसूर तथा सजायः**

(१) कुनै व्यक्ति वा संस्थाले देहायको कुनै काम गरेमा यस ऐन बमोजिमको कसूर गरेका मानिनेछः

(क) यस ऐन बमोजिम संस्था दर्ताको प्रमाणपत्र प्राप्त नगरी कसैले संस्था स्थापना गरेमा, सदस्यता वितरण गरेमा, संस्थाको काम कारबाही संचालन गरेमा वा कुनै रकम संकलन गरेमा,

(ख) दफा २३ बमोजिम अनुमतिपत्र प्राप्त नगरी कुनै विदेशी गैरसरकारी संस्था वा अन्तरर्राष्ट्रिय गैर सरकारी संस्थाका तर्फबाट कुनै काम गरेमा,

(ग) यस ऐन बमोजिम विघटन वा निलम्बन भएको संस्थाको तर्फबाट कुनै काम गरेमा,

(घ) दफा १३ विपरित विदेशी नागरिकलाई संस्थाको सदस्यता वितरण गरेमा ।

(२) उपदफा (१) बमोजिमका कसूर गर्न वा गराउने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः

(क) खण्ड (क) वा (ग) बमोजिमको कसूर भए दुई हजार पाँच सय रुपैयाँसम्म जरिवाना,

(ख) खण्ड (ख) बमोजिमका कसूर भए दश हजार रुपैयाँसम्म जरिवाना,

(ग) खण्ड (घ) बमोजिमको कसूर भए तीन महिनासम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय ।कैद सजायँ हुने देखिएमा मुद्धा प्रक्रिया अघि बढाउनका लागि सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयमा लेखी पठाउने छ ।

(३) यस दफा बमोजिमका कसूर मानिने कुनै काम प्रचलित कानून बमोजिम पनि कसूर मानिने रहेछ भने त्यस्ता कसूरमा सोही कानून बमोजिम कारबाही गर्न बाधा पुगेको मानिने छैन ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिमका कसूर गर्ने विदेशी व्यक्तिको प्रवेशाज्ञा रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

**४४. कसूरको अनुसन्धानः**

(१) दफा ४३ अन्तर्गतका कसूरको अनुसन्धान दर्ता अधिकारी वा निजले तोकेको अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका अधिकृतले त्यस्ता कसूरका अनुसन्धान सम्पन्न गरी आफ्नो राय तथा निष्कर्ष सहित मुद्दा चल्ने वा नचल्ने निर्णय र मुद्दा चलाउन सकिने भए अभियोजनका लागि सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ ।

(३) यस ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दाको सुनुवाई, कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

(४) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा गाउँपालिका वादी भई चलाइने छ ।

**४५. जरिवाना गर्न सक्नेः**

(१) दर्ता अधिकारीले देहायको अवस्थामा सम्बन्धित संस्थालाई पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछः

(क) दफा ११ विपरीत विधान लागू गरेमा,

(ख) दफा २० विपरीत अनुमति प्राप्त नगरी कुनै काम गरेमा,

(ग) दफा ४३ को उपदफा (३) विपरित नेपाल सरकारको अनुमति प्राप्स नगरी रकम प्रास गरेमा,

(घ) दफा ३७ बमोजिम सम्पत्तिको लगत नराखेमा,

(ङ) दफा ३३ बमोजिमको निर्देशन पालना नगरेमा,

(च) यस ऐन बमोजिम संस्थाले गर्नु पर्ने कुनै काम, नगरेमा वा गर्न नहुने काम गरेमा ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्नु अघि दर्ता अधिकारीले तोकिए बमोजिमका कार्यविधि पूरा गर्नु पर्नेछ ।

**परिच्छेद-११**

**विविध**

**४६. सहकार्य गर्न सकिनेः**

(१) पिपरा गाउँपालिकाले जारी गरेको नीति, कार्यक्रम वा कानूनको सम्बन्धमा सामाजिक जनचेतना प्रवर्द्धन गर्न वा समाज सेवा तथा सामुदायिक सेवामा उत्प्रेरणा गर्न गाउँपालिकाले संस्थासँग सहकार्य वा सार्वजनिक-निजी-साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने सहकार्य वा सार्वजनिक-निजी-साझेदारीको प्रारुप तथा संस्था छनौट सम्बन्धी कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

**४७. पुरस्कार सम्मानपत्र वा प्रसंशापत्र दिन सकिनेः**

(१) पिपरा गाउँपालिकाले गाउँ सभाको सिफारिसमा प्रत्येक वर्ष समाज सेवा वा सामाजिक संस्थाको क्षेत्रमा काम गर्ने व्यक्ति वा सामाजिक संस्थाहरुमध्ये उत्कृष्ट, असाधारण र उल्लेखनीय काम गर्ने व्यक्ति वा संस्थालाई पुरस्कार, सम्मानपत्र वा प्रसंशापत्र प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने पुरस्कार मध्ये एक गाउँ स्तरीय समाजसेवा पुरस्कार र वडा स्तरका समाजसेवा पुरस्कार हुनेछन् ।

(३) पुरस्कार तथा सम्मानपत्र र प्रसशापत्र प्रदान गर्ने कार्यविधि, पुरस्कारको रकम, छनौट विधि र आधार तथा त्यस सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ।

**४८.यस ऐन बमोजिम कार्य सम्पादन गर्न नसक्नेः**

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम कम्पनी वा गुठीका रुपमा दर्ता भएका संस्थाले यस ऐन बमोजिम आफ्नो उद्देश्य कार्यान्वयन गर्न सक्ने छैन । तर सामुहिक कार्य संचालनार्थ गठन भएका गुठीलाई भने यस ऐन अनुसार कार्य सम्पादन गर्न बाधा पर्नेछैन ।

**४९. नियम बनाउनेः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न पिपरा गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**५०. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः**

यस ऐन अन्तर्गत गर्न नहुने वा गर्न नसक्ने कुनै काम प्रचलित कानून बमोजिम फौजदारी कसूर मानिने रहेछ भने त्यस्ता कसूरमा मुद्दा चलाउन यस ऐनले बाधा पुर्याएको मानिने छैन ।

**५१.खास प्रकृतिको संस्थाका दर्ता तथा संचालनः**

कुनै खास संस्था वा खास किसिमको संस्थाका दर्ता, संचालन वा नियमनका सम्बन्धमा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्ता संस्थाका दर्ता, संचालन वा नियमनका सम्बन्धमा सोही कानून बमोजिम हुनेछ ।

**५२.खारेजी र बचाऊः**

(१) संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि यसै गाउँपालिकालाई कार्यक्षेत्र बनाई संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको संस्थाहरुले दफा १८ को खण्ड ५ बमोजिम कार्य सञ्चालन वर्गिकरण समेत पुनः स्वीकृति प्राप्त गरेको हुनु पर्नेछ ।

## अनुसुची -१

### दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पिपरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
महोत्तरी, मधेश प्रदेश।

**विषय : संस्था दर्ता गरी पाउँ ।**

हामीले,................................................नामक सामाजिक संस्था पिपरा गाउँपालिकाको स्थानीय संस्था दर्ता ऐन, २०८२ बमोजिम दर्ता गर्न चाहेकोले प्रस्तावित विधानको २ (दुई) प्रति, पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपि १/१ प्रति समेत आवश्यक कागजात यसै साथ संलग्न गरी देहायको विवरण खुलाई निवेदन गरेका छौं।

विबरणः

१. संस्थाको नामः

२. संस्थाको ठेगानाः वडा नं. जिल्लाः

३. संस्थाको घर नं. टेलिफोन नं. ईमेलः पो.ब.नं.

४. संस्थाको मूलभूत उद्देश्यः

५. संस्थाको आर्थिक श्रोत :

६. तदर्थ समितिका पदाधिकारी :

| क्र.स. | नाम, थर | संस्थाको पद | स्थायी वतन | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

भवदीय

**अनुसूची २**

**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**

**पिपरा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**महोत्तरी, मधेश प्रदेश, नेपाल**

निर्णय मितिः.......................... दर्ता मितिः............................

दर्ता नं.ः................................

**प्रमाण-पत्र**

श्री अध्यक्षज्यू,

.............................................................

पिपरा गाउँपालिका, वडा न........

................................................नामक संस्था, पिपरा गाउँपालिकाको समाजिक संस्था दर्ता ऐन, २०८२ को दफा (८) बमोजिम मिति..................................मा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

दर्ता अधिकारीको सहीः-

पूरा नामः-

दर्जाः-

द्रष्टव्यः यो प्रमाणपत्र हरेक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ ।

**नवीकरण**

| नवीकरण गरेको मिति | नवीकरण बहाल रहेको अवधि | नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

अनुसूची-३

**<u>दर्ता किताबको ढाँचा</u>**

**दर्ता किताबको ढाँचा**

| दर्ता नम्वर | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उदेश्य | संस्थाको पदाधिकारी एवमं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसुचि-४**

**(दफा १० को उपदफा (४) सँग सम्बन्धित)**

**विधानको नमूना**

**............संस्थाको विधान, २०.........**

**प्रस्तावनाः**

सघीय गणतन्त्र नेपालको संविधानले परिकल्पना गरेको सामाजिक न्याय, लैंङ्गिक समानता तथा सामाजिक न्यायको मूल्य मान्यतालाई आत्मसाथ गर्दै, संविधान प्रदत्त महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, अल्पसंख्यक आदिकोको संवैधानिक हकको सुनिश्चतताका लागि, सामाजिक सशक्तीकरणका माध्यमबाट सामाजिक न्याय र समानता हासिल गर्ने उद्देश्यले, सामाजिक भावनाले ओतप्रोत भई, गैरराजनीतिक, गैरनाफामूलक र गैरधार्मिक सामाजिक संस्थाको रूपमा .....................................संस्था पिपरा गाउँपालिका संस्था दर्ता ऐन २०८२ को अधिनमा रही स्थापना गरिएको छ।

**परिच्छेद—१**

**प्रारम्भ**

१. **संस्थाको नामः-**................. हुनेछ । अंग्रेजीमा यसलाई ................. भनिने छ ।

(क) **संस्थाको कार्यालय रहने ठेगानाः-** यस संस्थाको कार्यालय ............................मा रहनेछ ।

(ख) **संस्थाको कार्यक्षेत्रः-** यस संस्थाको कार्यक्षेत्र प्रारंभिक रुपमा पिपरा गाउँपालिका भित्र हुनेछ।प्रचलित कानुनको रित पुर्याई सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृति लिई धनुषा जिल्लाको जुनसुकै स्थानीय तहमा र सम्बन्धिक जिल्ला प्रशासन कार्यालय र स्थानीय सरकारको स्वीकृति लिई शाखा कार्यालय खोली कार्य सञ्चालन गर्न सकिनेछ।

२. **परिभाषाः-** विषय वा प्रंसङ्गले अर्को अर्थ नलागेमा,

(क) "**संस्था**" भन्नाले पिपरा गाउँपालिकामा गठन भएको संस्थालाई संम्झिनुपर्छ।

(ख) **"विधान"** भन्नाले पिपरा गाउँपालिका स्तरमा गठन भएको संस्थाको विधानलाई सम्झिनुपर्छ ।

(ग) **"समिति"** भन्नाले यसै विधानको दफा १३ बमोजिम गठित कार्यसमितिलाई सम्झनुपर्दछ ।

(घ) **"सभा"** भन्नाले यस विधान अनुसार बन्ने साधरण सभा र विशेष साधारण सभालाई सम्झिनुपर्छ ।

(ङ) **"पदाधिकारी"** भन्नाले यस संस्थाक पदाधिकारीलाई सम्झिनुपर्दछ ।संस्थाले गठन गरेका विशेष समितिका संयोजक र सल्लाहकारलाई समेत यस शब्दले बुझाउने छ ।

(च) **"नियम विनियम"** भन्नाले यस विधान अन्तर्गत बन्ने नियम बिनियमलाई जनाउँछ ।

(छ) **"तोकिए वा तोकिए बमोजिम"** भन्नाले यो र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिए वा तोकिए बमोजिम भन्ने बुझिन्छ ।

(ज) **"स्थानीय सरकार"** भन्नाले पिपरा गाउँपालिकालाई सम्झनुपर्ने छ ।

(झ) **"स्थानीय अधिकारी"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(ञ) **"सम्बन्धित कार्यालय"** भन्नाले पिपरा गाउँपालिकाको कार्यालय वा समय समयमा नेपाल राजपत्रले तोकेको कार्यालयलाई बुझाउने छ ।

(ट) **"सल्लाहकार"** भन्नाले यस विधान अन्तर्गत कार्यसमितिले नियूक्त गर्ने सल्लाहकारलाई जनाउने छ ।

(ठ) **"आर्थिक बर्ष"** भन्नाले हरेक वर्षको श्रावण १ गते देखि आषाढ मसान्त सम्मलाई जनाउनेछ । विदेशी दातृ निकायसँगको साझेदारीमा सञ्चालन हुने परियोजनाका सन्दर्भमा सो संस्थाले अवलम्वन गर्ने आर्थिक वर्षलाई जनाउने छ ।

(ड) **"सदस्य"** भन्नाले यस संस्थाको कुनै पनि सदस्यलाई जनाउनेछ ।

(ढ) **"ऐन"** भन्नाले पिपरा गाउँपालिका संस्था दर्ता ऐन २०८२ लाई जनाउँछ ।

३. **संस्थाको छाप र चिन्हः-** सस्थाको एउटा छुटै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ ।तर सस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै सस्थासँग मेल खाएमा संसोधनको प्रक्रियाद्वारा तुरुन्त संसोधन गरिनेछ ।

## परिच्छेद-२

## उदेश्य

४. **संस्थाको उदेश्यः-** यस संस्थाको उदेश्य देहाय बमोजिम हुनेछः

(क) यो संस्था मुनाफा रहित जनकल्याणकारी तथा जनहितकारी संस्था हुनेछ ।

(ख) यस संस्थाका मुख्य उद्धेश्य तपसिल बमोजिम हुनेछन्

(□) महिला र पुरूष बीचको समानता सुनिश्चित गर्नका लागि महिलाका कानूनी र मानवाधिकारहरूको रक्षा र प्रवर्द्धन गर्ने

(२) महिला हिंसा, दुर्व्यवहार र शोषणका विरुद्ध जनचेतना फैलाउने र यस्ता घटनाहरूको निवारण गर्न कानूनी र सामाजिक पैरवी अभियान सञ्चालन गर्ने

(३) महिला नेतृत्वको प्रवर्धन गर्दै, महिलाहरूलाई निर्णय प्रक्रियामा सशक्त बनाउने र स्थानीय, जिल्ला र राष्ट्रिय स्तरमा महिलाको सक्रिय सहभागिता सुनिश्चित गर्ने

(४) महिलाहरूलाई आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रहरूमा सशक्त बनाउने उद्देश्यले विभिन्न अवसरहरू सिर्जना गर्ने र तिनको सशक्तिकरणको लागि काम गर्ने

(५) महिलाहरूको शिक्षा र सीप विकासको लागि प्रोत्साहन दिने र दक्षता अभवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने

(६) महिलाहरूको प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य र शारीरिक सुरक्षा सुनिश्चित गर्नका लागि कार्यक्रम सञ्चालन गर्ने

(७) लैंङ्गिक भेदभाव र असमानता विरुद्ध अभियान सञ्चालन गर्दै समाजमा लैङ्गि समानता र समान अवसरहरूको प्रवर्द्धन गर्ने

(८) महिलाहरूलाई आफ्नो अधिकार र न्यायको लागि लड्न प्रेरित गर्न संस्थाले महिलाहरूलाई कानूनी सहायता र मार्गदर्शन प्रदान गर्ने।

**५. संस्थाको उदेश्य प्राप्त गर्न गरिने कामहरुः**

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्वन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्वेश्य कार्यान्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्यूटर टेलिफोन, टाइप राइटर, फ्याक्स, इन्टरनेट सिस्टम जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ ।

(घ) संस्थामा प्राप्त रकम वैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ ।

(ङ) विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग संस्थाको उदेश्यसँग मिल्ने प्रकृतिका कार्यक्रममा सहकार्य गर्न सकिने छ ।

## परिच्छेद-३

## सदस्यता सम्बन्धी व्यवस्था

**६. सदस्यताको वर्गीकरणः-** यस संस्थामा देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गीकरण गरिएको छः

**(क) साधारण सदस्यः** यस विधानको दफा ७ अनुसार योग्यता भई सदस्य बनेका सदस्यहरु साधारण सदस्य मानिनेछ।

**(ख) आजीवन सदस्यः** दफा ७ अनुसार योग्यता भई चल अचल सम्पत्ति कम्तिमा रु दुई लाख रूपैयाँ वा सोभन्दा बढी एकमुष्ठ बुझाएमा यस संस्थाको आजीवन सदस्य रहनेछन् ।

**(ग) संस्थापक सदस्यः-** संस्था स्थापना हुदाको कालमा संगठित भई क्रियाशल भएका सदस्यहरु र तदर्थ समितिका पदाधिकारीहरू संस्थापक सदस्यको रूपमा रहनेछन्।

**(घ) मानार्थ सदस्यः-** संस्थाको विकासको निम्ति विशेष योगदान दिएको वा दिने छन् भनी संस्थाले प्रदान गर्ने मानार्थ सदस्य । यस्तो सदस्यता प्राप्त गर्ने व्यक्तिबाट कुनै शुल्क लिइने छैन । मानार्थ सदस्यलाई अधिवेशन वा अन्य निर्वाचनमा उम्मेदवार बन्ने र मतदान गर्ने बाहेकका अन्य सबै अधिकार हुनेछ ।

**७. सदस्यता प्राप्त गर्नको लागि आवश्यक योग्यताः-**

यस संस्थाको विधान र उद्देश्यमा आस्था राख्ने कुनै पनि जाति, भाषी र धर्म मान्ने १८ वर्ष उमेर पुगेको नेपाली नागरिकह यस संस्थाको सदस्य हुन पाउने छन् । साथै उक्त व्यक्तिको मानसिक स्थिति ठिक भएको र संस्था हित हुने काम गरेको हुनुपर्ने छ । नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति हुनु पर्नेछ ।

**८. संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्थाः-** देहायका कुनै पनि व्यक्ति संस्थाको सदस्य पदमा नियुक्त हुन सक्ने छैन ।

(क) गैर नेपाली नागरिक र नेपाली भए पनि १८ वर्ष पूरा नगरेको,

(ख) मानसिक सन्तुलन ठीक नभएको वा अस्वस्थ्य,

(ग) दामासाहीमा परेको,

(घ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको, भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भित्रसम्म,

(ङ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको,

(च) सदस्यता शूल्क बुझाउन बाँकी भएको ।

(छ) तर, सदस्यता प्रदान गर्दा नै बाल समूह वा किशोर समूहको प्रतिनिधिको रूपमा सदस्यता प्राप्त गर्ने हो भने माथिका प्रावधानले रोकेको मानिने छैन ।

**९. देहायका अवस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैनः-**

(क) उपदफा ८ (१) बमोजिम सदस्य पदमा नियुक्त हुन नसक्ने भएमा,

(ख) साधारणसभाबाट ७५ प्रतिशतको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास भएमा,

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्विकृत भएमा,

(घ) संस्थाको काम कार्वाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा, कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउने भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको प्रमाण पेश गर्ने मौका दिनु पर्नेछ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः-**

(क) परिच्छेद नं. ३ दफा ७ अनुसार योग्यता भई साधारण सदस्य हुन चाहनेले संस्थाको सिफारिसमा सदस्यता प्रवेश शुल्क बापत रु ५००/- सहित निवेदन पत्र दिएमा सदस्यता प्रदान गर्न सकिने छ ।

(ख) साधारण सदस्यता बार्षिक शुल्क रु १००/- लाग्ने छ । जुनसुकै महिनामा सदस्य बनेमा वा सदस्यता नवीकरण गरे पनि निजले बुझाएको शुल्क त्यसै सालको अर्थिक वर्षको अन्त सम्मको लागि मात्र मान्य हुनेछ। अर्को सालको लागि पुनः नियमानुसार प्रत्येक वर्षको श्रावण महिनाभित्र सदस्यता नवीकरण गरिसक्नु पर्नेछ।

(ग) सदस्यता प्रदान गर्ने सम्पूर्ण अधिकार कार्य समितिमा रहने छ तर यसलाई साधारण सभाबाट अनुमोदन हुन आवश्यक छ ।

(घ) आजीवन सदस्यता प्रदान गर्न सिफारिस कार्य समितिले गर्नेछ र यसबारे साधारण सभाले स्वीकृति दिनु पर्नेछ।

## परिच्छेद-४
## साधारण सभा तथा वैठक सम्वन्धी व्यवस्था

**११.संस्थाको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्वन्धी विषयहरुः-**

(१) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः

(क) वार्षिक साधारण सभा र

(ख) विशेष साधारण सभा

(२) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्थापन भएको आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र गरिनेछ।

(३) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने मिति, समय र स्थान छलफल गर्ने विषय खोली सवै साधारण सदस्यलाई सूचना दिइने छ ।

(४) उपदफा (३) बमोजिम बोलाइएको साधारण सभामा गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

**१२.साधारण सभाको काम कर्तब्य र अधिकारः**

(क) कार्य समितिको निर्वाचन गर्ने

(ख) कार्य समितिका पदाधिकारी एवम् सदस्यहरु उपर अविश्वासको प्रस्ताव दर्ता भएमा सोको टुंगो लगाउने

(ग) विधानको अधिनमा रही आवश्यक नियमावली स्वीकृत गर्ने, दरवन्दी सृजना गर्ने, पारिश्रमिक निर्धारण गर्ने

(घ) बार्षिक कार्यक्रम र बजेट पारित गर्ने

(ङ) लेखा परीक्षक नियुक्त गर्ने

(च) कार्य समितिलाई आवश्यक निर्देशन दिने

(छ) विधान बमोजिम अन्य कार्य गर्ने र

(ज) संस्थाको सर्वोच्च अंगको रुपमा रही आवश्यक कार्य सम्पादन गर्ने गराउने ।

**१३. कार्य समितिः**

(क) कार्य समितिको गठन साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्मको लागि निम्न बमोजिम पदाधिकारी सदस्य रहेको कार्य समिति रहनेछ । कार्यसमितिको संख्या ऐनको दफा ४ अनुसार (९ देखि २१) आवश्यक पदाधिकारी राखी तलको ढाँचामा हुनेछ :

१.अध्यक्ष- १ जना

२.उपाध्यक्ष- १ जना

३.सचिव- १ जना

४.सहसचिव- १ जना

५.कोषाध्यक्ष- १ जना

६.सदस्य

(ख) कार्य समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नुपर्नेछ । समितिमा जाति, भाषा, धर्म, भेक, सम्प्रदाय, शारीरिक अवस्था आदिको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व हुनेछ ।

(ग) कार्य समितिको कार्यकाल २ वर्ष हुनेछ ।

(घ) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ति, कार्य समितिद्वारा गर्न सकिनेछ । कुनै सदस्यको पद बीचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्यको पद रिक्त भई नियुक्त भएको सो सदस्यको बाँकी कार्य काल सम्मका लागि मात्र हुनेछ ।

(ङ) कार्य समितिको वैठक आवश्यकता अनुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जसमा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको वैठक बोलाउनुपर्नेछ ।

(च) कार्य समितिको वैठकमा सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।

(छ) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको वैठक हुने छैन।

(ज) कार्य समितिको वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको अनुपस्थितिमा वैठकमा उपस्थित सदस्यहरुले छानेको ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

(झ) कार्य समितिको वैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(ञ) खकार्य समितिको वैठकमा छलफल भएको विषय र तत्सम्वन्धमा भएको निर्णयको विवरण (माइन्युट) छुट्टै कितावमा लेखी राख्नुपर्नेछ र सो निर्णयको विवरणमा, वैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतको सह (हस्ताक्षर) लाई गणपूरक मानिनेछ ।

(ट) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

## परिच्छेद-६
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१४.पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः-**

**१.अध्यक्ष**

(क) कार्य समितिको वैठकको अध्यक्षता गर्ने

(ख) वैठकमा निर्णायक मत दिने

(ग) साधारण सभाले पारित गरेका निर्णयहरुको कार्यान्वयन र अनुगमन गर्ने

(घ) संस्थाको सम्बन्धित सम्पूर्ण कुराहरुको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने गराउने

(ङ) विभिन्न संस्था वा अन्य निकायसँगको सम्बन्धमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने गराउने

(च) संस्थाको पदाधिकारी सदस्यहरुको काम बाँडफाँड गर्ने

(छ) बैठकको कार्यसूचिलाई अन्तिम रूप दिने

**२ उपाध्यक्ष**

(क) संस्थाका गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन गर्न अध्यक्षलाई सहयोग पुर्याउने

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको भूमिका निर्वाह गर्ने

(ग) संस्थाको वार्षिक कार्ययोजना तयार पार्न र त्यसको कार्यान्वयन सुनिश्चित गर्न भूमिका खेल्ने

(घ) अध्यक्षसँगको सहकार्यमा बैठकको मिति, एजेन्डा, र तयारी सुनिश्चित गर्ने

(ङ) संस्थाका सदस्यहरूको सशक्तीकरणका लागि कार्यक्रमहरू सञ्चालन गर्न पहल गर्ने

(च) संस्थाका कार्यक्रमहरूका लागि सरकारी, गैरसरकारी संस्था र स्थानीय निकायहरूसँग समन्वय गर्ने

(छ) संस्थाद्वारा सञ्चालन गरिएका कार्यक्रमहरूको अनुगमन र तिनको प्रभावकारिताको मूल्याङ्कन गर्ने

(ज) संस्थाका आर्थिक र प्रशासनिक गतिविधिहरूमा पारदर्शिता र जवाफदेहिता कायम राख्न काम गर्ने

(झ) महिला हिंसा र अधिकार हननका मुद्दाहरूमा सहजीकरण गर्ने

(ञ) समाजमा महिला अधिकारका लागि पैरवी कार्यको नेतृत्व लिने

**३. सचिव**

(क) संस्थाको प्रशासनिक कार्यको व्यवस्थापन गर्ने

(ख) कार्यसमितिको बैठकको मिति, स्थान, र एजेन्डा निर्धारण गरी बैठकको तयारी गर्ने

(ग) संस्थाका गतिविधि, परियोजना, र वित्तीय स्थिति सम्बन्धी प्रतिवेदन तयार पार्ने

(घ) संस्थाको सबै निर्णय, बैठकको निर्णय पुस्तिका तथा अन्य महत्त्वपूर्ण कागजात व्यवस्थित रूपमा राख्ने

(ङ) संस्थाका लक्ष्य र उद्देश्य पूरा गर्न वार्षिक कार्ययोजना तथा रणनीति बनाउन सहयोग गर्ने

(च) सरकारी निकाय, गैरसरकारी संस्था, र अन्य सरोकारवालाहरूसँग सम्पर्क र समन्वय कायम राख्ने

(छ) संस्थाका गतिविधिसम्बन्धी सूचना सदस्यहरू र सरोकारवालाहरूसम्म पुर्याउने

(ज) बैठकहरू, प्रशिक्षण, वा कार्यक्रमहरूको जानकारी संस्थाका सबै सदस्यहरूलाई समयमा पुर्याउने

(झ) बैठकहरूमा भएका निर्णय र छलफललाई सही रूपमा दस्तावेजीकरण गरी त्यसको अभिलेख राख्ने

(ञ) संस्थाका कोषाध्यक्षसँग मिलेर आर्थिक गतिविधिहरूमा पारदर्शिता र जवाफदेहिता कायम राख्ने

(ट) संस्थाद्वारा आयोजित कार्यक्रमहरू सफल बनाउन आवश्यक तयारी र व्यवस्थापन गर्ने

(ठ) संस्थाका कार्यक्रमहरूको प्रभावकारिता र उपलब्धिहरूको विश्लेषण गरी आवश्यक सुधारका उपायहरू प्रस्ताव गर्ने

**थप जिम्मेवारीहरू**

(ड) महिलाहरूको स्थितिसम्बन्धी तथ्यांक संकलन गरी नीतिगत पैरवीका लागि आधार तयार गर्ने

(ढ) संस्थाका परियोजनाहरूको अनुगमन गरी प्रगति प्रतिवेदन सम्बन्धित निकायहरूलाई प्रस्तुत गर्ने

(ण) महत्त्वपूर्ण कागजात र सूचनाहरूको गोपनीयता कायम राख्ने ।

**४.सहसचिव**

(क) सचिवको अनुपस्थितिमा सचिवको जिम्मेवारी पूरा गर्ने

(ख) संस्थाका सचिवलाई प्रशासनिक, लेखापत्र, र बैठक व्यवस्थापनमा सहयोग पुर्याउने

(ग) बैठकको एजेन्डा तयार गर्न, सदस्यहरूलाई जानकारी दिन, र बैठकको सञ्चालनमा सचिवलाई सहयोग गर्ने

(घ) संस्थाका गतिविधिसम्बन्धी सूचना सदस्यहरू र सरोकारवालाहरूसम्म पुर्याउने कार्यमा सचिवसँगको समन्वयमा सक्रिय रहने

(ङ) संस्थाका परियोजना तथा कार्यक्रमहरू सञ्चालन गर्न सहजीकरण गर्ने

(च) सचिवसँग मिलेर बैठकको निर्णय पुस्तिका तयार गर्ने र अभिलेख व्यवस्थित राख्ने

(छ) कार्यसमिति वा संस्थाको निर्णयलाई प्रभावकारी रूपमा लागू गर्न पहल गर्ने

(ज) सदस्यहरूको सुझाव, समस्या र आवश्यकता बुझी तिनको समाधानका लागि सचिव र अध्यक्षलाई जानकारी गराउने

(झ) कार्यसमितिमा उपस्थित भई संस्थाका गतिविधि र योजनासम्बन्धी निर्णयहरूमा आफ्नो राय र सुझाव दिने

(ञ) कार्यक्रम सञ्चालन गर्न आवश्यक परेमा नेतृत्व लिने र कार्यक्रमको सफलता सुनिश्चित गर्ने।

**५.कोषाध्यक्षः-**

(क) संस्थाको सम्पूर्ण आर्थिक गतिविधिको व्यवस्थापन, निगरानी र लेखा राख्ने

(ख) संस्थाको मासिक, त्रैमासिक, र वार्षिक आर्थिक प्रतिवेदन तयार गरी कार्यसमिति र सरोकारवालाहरू समक्ष प्रस्तुत गर्ने

(ग) कोषको दैनन्दिन लेखापत्र व्यवस्थापन गर्ने

(घ) संस्थाको वार्षिक बजेट निर्माण र खर्चको योजनामा सक्रिय सहभागिता जनाउने

(ङ) कोषको खर्च पारदर्शी राख्ने र सबै आर्थिक लेनदेनको सटीक अभिलेख राख्ने

(च) संस्थाको कोष सुरक्षित राख्ने र आर्थिक जोखिमबाट जोगाउने उपाय अपनाउने

(छ) संस्थाका कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गर्न आवश्यक बजेट उपलब्ध गराउने

(ज) आर्थिक लेखापरीक्षणका लागि आवश्यक सबै दस्तावेज र कागजातहरू तयार राख्ने

(झ) संस्थाका आय–आर्जनका नयाँ स्रोत पहिचान गर्न र आर्थिक सुदृढताका लागि पहल गर्ने

(ञ) संस्थाको वार्षिक लेखा परीक्षण गराउने र त्यसको प्रतिवेदन कार्यसमितिमा पेश गर्ने

(ट) संस्थाले पाउने अनुदान, सहयोग रकम र सदस्य शुल्कहरूको सही तरिकाले व्यवस्थापन गर्ने

(ठ) संस्थाका आर्थिक गतिविधिमा सुधार र विकासका लागि कार्यसमितिलाई परामर्श दिने

(ड) कोषको कुनै पनि प्रकारको दुरुपयोग वा अनियमितता हुन नदिन आवश्यक कदम चाल्ने

(ढ) संस्थाका सदस्यहरूको वार्षिक शुल्क, दान, वा अन्य आर्थिक सहयोग समयमै संकलन गर्ने

(ण) संस्थाको दीर्घकालीन आर्थिक लक्ष्य निर्धारण गर्न नेतृत्व प्रदान गर्ने।

**६.सदस्यः**

(क) <u>संस्था</u>को उद्देश्य, योजना, र कार्यक्रम निर्माणमा सक्रिय सहभागिता जनाउने।

(ख) महिला अधिकार, समानता र न्याय प्रवर्द्धनका लागि समाजमा सकारात्मक प्रभाव सिर्जना गर्दै जनचेतनामूलक कार्यक्रम र पैरवी अभियान सञ्चालन गर्ने

(ग) <u>संस्था</u>का सबै सदस्यबीच सहकार्य र विश्वासको वातावरण निर्माण गर्ने।

(घ) <u>संस्था</u>द्वारा सञ्चालन गरिने कार्यक्रम र परियोजनाहरू सफल बनाउन सहयोग गर्ने

(ङ) नियमित रूपमा बैठकहरूमा सहभागिता जनाई <u>संस्था</u>का निर्णयहरूमा आफ्नो धारणा व्यक्त गर्ने

(च) महिलाहरूले भोगेका समस्याहरू पहिचान गरी <u>संस्था</u>मा प्रस्तुत गर्ने

(छ) <u>संस्था</u>ले आयोजना गर्ने तालिम, गोष्ठी र अभियानहरूमा सक्रिय सहभागिता जनाउने

(ज) <u>संस्था</u>का नियम, निर्णय, र आचारसंहिताको पालना गर्ने

(झ) <u>संस्था</u>को कार्यक्रम र गतिविधि सञ्चालनका लागि सदस्य शुल्क वा अन्य आर्थिक सहयोग प्रदान गर्ने

(ञ) महिला हिंसा, विभेद र असमानताविरुद्ध आवाज उठाउने र आवश्यक सहयोग उपलब्ध गराउने

(ट) <u>संस्था</u>का उद्देश्य पूरा गर्न स्थानीय सरकार र समुदायसँग सहकार्य गर्ने

(ठ) महिला अधिकारका मुद्दामा <u>संस्था</u>लाई विभिन्न स्थानमा प्रतिनिधित्व गर्ने

(ड) नयाँ सदस्यहरू भर्ना गराई <u>संस्था</u>को पहुँच र प्रभाव क्षेत्र विस्तार गर्ने।

**१५. गणपुरक संख्याः-** कूल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर विधानको दफा ११ को उपदफा ४ मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा

कुल संस्थापक संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

**१६. संस्थाको कोषः-**

(१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहनेछन्ः

(क) सदस्यता शुल्क वापत प्राप्त रकम

(ख) कसैले स्वेच्छाले दिएको कार्यक्रम वा अनुदान रकम

(ग) परियोजना सञ्चालनका लागि प्रस्तावनापत्र तयार गरी स्वीकृत भएपश्चात् सम्झौता बमोजिम प्राप्त रकम

(घ) कोष वृद्धि कार्यक्रमबाट प्राप्त रकम

(ङ) ऋण

(२) विदेशी संघसंस्थाबाट अनुदान रकम लिने भए संस्थाले नेपाल सरकारले निर्दिष्ट गरे बमोजिम पूर्व स्विकृति लिनेछ।

**१७. खाता संचालनः-** संस्थाको अध्यक्ष, सचिवमध्ये एक जना र कोषाध्यक्ष सहित दुई जनाको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिनेछ ।

**१८.संस्थाको लेखा र लेखा परीक्षणः-**

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाव किताव जाँच्न वा जँचाउन सक्नेछ ।

(४) कुनै विकास साझेदारसँगको साझेदारीमा सञ्चालित परियोजनाको लेखापरीक्षण सम्झौता बमोजिम हुनेछ ।

(५) लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।लेखा परीक्षकको वार्षिक प्रतिवेदन स्थानीय सरकार, समाज कल्याण परिषद् लगायत सम्बन्धित निकायमा पेश गरिनेछ ।

## परिच्छेद-७
## निर्वाचन सम्बन्धी व्यवस्था

**१९. निर्वाचन सम्वन्धी व्यवस्थाः-**

(क) प्रत्येक कार्य समितको पदावधि पद सम्हालेका मितिले ३ वर्षको हुनेछ । पदावधि समाप्त हुनुभन्दा एक महिना अगावै कार्य समितिले एक जना निर्वाचन अधिकृत र दुई जना सहायक गरी तीन जना मनोनयन गरी निजद्रा निर्वाचनको व्यवस्था गर्नेछ । संस्था दर्ता भएको १ बर्ष भित्र विधान अनुसार चुनाव गराई सोको जानकारी स्थानीय सरकारलाई दिइनेछ ।

(ख) निर्वाचन गर्नुपर्दा एउटा निर्वाचन समिति गठन गरिने छ । त्यस्तो निर्वाचन समितिले निर्वाचन सम्बन्धि सम्पूर्ण कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(ग) निर्वाचन सम्बन्धमा निर्वाचन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

(घ) निर्वाचन सम्पन्न भएपछि सो समितिको स्वतः विघटन हुनेछ ।

(ङ) निर्वाचन समितिमा रहेका व्यक्तिले उम्मेदवारी दिन पाउने छैनन् तर संस्थाको सदस्य भएमा आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन् ।

**२०.उम्मेदवार हुने योग्यताः-**

(क) संस्थाको सदस्य हुनुपर्ने

(ख) कुनै कानून द्वारा अयोग्य नठहरेको

(ग) संस्थाको उदेश्य बमोजिम काम गर्न प्रतिवद्ध रहेको

(घ) अध्यक्षको उम्मेदवार बन्नका लागि एक पटक कार्यसमितिको कुनै पदाधिकारीको रूपमा काम गरेको हुनुपर्ने छ । संस्थापक तदर्थ समिति अध्यक्ष र समितिका अन्य पदाधिकारीको हकमा यो लागू हुने छैन ।

**२१. अविश्वासको प्रस्तावः-**

सिंगो कार्य समिति वा समितिका कुनै पदाधिकारी उपर विश्वास छैन भने कूल सदस्य संख्याको एक तीहाइ सदस्यले अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन् ।त्यस्तो प्रस्तावमाथि छलफल गरी उक्त प्रस्तावलाई समितिले ३५ दिन भित्र विशेष साधारण सभा बोलाउने छ र दुई तीहाइ बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएमा सिंगो कार्य समिति वा पदाधिकारी पद मुक्त हुनेछन् ।आरोपित ब्यक्तिलाई १५ दिनभित्र आफ्नो सफाइ पेश गर्ने मौका दिइनेछ ।तोकिएको समयमा आफ्नो सफाइ पेश नगरे निज स्वतः पद मुक्त हुनेछ ।

**२२.विधान संशोधनः-** कूल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरेपश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । विधानका कुनै पनि प्रावधान संशोधन, थप वा खारेजी गर्दा तीन महले उठाई गर्नुपर्ने छ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन, थप वा खारेज भएको मानिनेछ ।

**२३. विनियम बनाउन सक्नेः-** संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सोको जानकारी स्थानीय अधिकारीलाई दिनु पर्नेछ ।

**२४. तदर्थ समितिः** यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि समितिको गठन गर्नुपर्नेछ। सो अवधिमा कार्य समितिले गरेका कामहरु यसै विधान अनुसार भएको मानिने छ।

**२५. संस्था खारेजीः-**

(१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा वढी लिक्विडेटरहरु संस्थाको हिसाब किताव जाँच गर्नका लागि एक वा एक भन्दा वढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछन् ।लिक्विडेटर र लेखा परिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले संस्था खारेजी सम्बन्धी काम कारवाही गर्नेछन्।

४) विविध कारणवश संस्था विघटन भएमा यसको चल अचल सम्पत्ति स्थानीय सरकारको हुनेछ ।

२६. **ऐन अनुसार हुने:-** यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएका कुराहरु बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछन्।

२७. **नियम पालना:** स्थानीय सरकारबाट प्राप्त निर्देशन संस्थाले पूर्ण रुपले पालना गर्नेछ।

२८.**संस्थापकहरुको मञ्जुरी:-** हामी महिला अधिकार संस्थाका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भै विधानमा सहीछाप गर्दछौं।

| क्र.स. | संस्थापकको नामथर र ठेगाना | पद |
|---|---|---|
| १. | | अध्यक्ष |
| २. | | उपाध्यक्ष |
| ३. | | सचिव |
| ४. | | सहसचिव |

| | | |
|---|---|---|
| ५. | | कोषाध्यक्ष |
| ६. | | सदस्य |
| ८. | | सदस्य |
| ९. | | सदस्य |
| १०. | | सदस्य |
| ११. | | सदस्य |

**विधानको अनुसूची (१)**

१. छाप अण्डाकार/गोलाकार/वा.............. हुनेछ ।

२. ......... भित्रको घेराको वरीपरी ............. लेखिएको हुनेछ ।

३. छापको......... स्थानमा स्थापना मिति २०......... हुनेछ ।

४.अन्य कुनै चिन्ह वा विवरण भए सोहि अनुसार ब्याख्या गर्ने .............. ।

५.तपशिल अनुसारको हुने भनि उल्लेखित विवरण अनुसारको छाप रेखा चिन्हमा स्प्रष्ट रुपमा लेखिएको हुनु पर्ने ।

**प्रमाणीकरण मिति :२०८२/०९/३० गते**

**राजपत्रमा प्रकाशित मिति :२०८२/१०/०४ गते**

**आज्ञाले ,**

**सन्तोष कुमार मिश्र**

**प्रमुख प्रशासकीय अधिकृत**